परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक १२२ •२०८० असोज १५ गते सोमबार • (2-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com



मलंगवाको कर्फ्यू पूर्ण रुपमा हट्यो

समाचार पृष्ठ ३ मा ...

# एमाले मधेश प्रदेश अधिवेशनमा घमासान




■ टक नेपाल

जनकपुरधाम । नेकपा एमाले मधेश प्रदेशको अधिवेशनका लागि शनिबार प्रतिनिधिहरुको मनोनयन दर्ता गरिएको छ । प्रदेशका ८ जिल्लाबाट बढीमा १ हजार जनासम्म प्रतिनिधि छनोट हुने बताइएको छ । पालिका र जनवर्गीय संगठनबाट छनोट हुने प्रतिनिधिका लागि चुनावी प्रकृया अपनाइएको छ । प्रतिनिधिका लागि मनोनयन दर्ता भए पनि अधिकांशमा निर्बिरोध हुने नेताहरुले जनाएका छन् । स्रोतहरुका अनुसार प्रतिनिधि छनोटमा नेताहरुले प्रभाव भएको पालिकाहरुमा एकतर्फी गरेका छन् । प्रतिनिधि चयनमा बहुमत हुने पक्षले अध्यक्ष लगायतका पदहरुमा सशक्त दाबेदार हुने सम्भावना छ । मधेश प्रदेशका इञ्चार्ज योगेश भट्टराई केही समयदेखि निरन्तर रुपमा अधिवेशनको तयारीमा जुटेका छन् । उनले प्रदेश अधिवेशनबाट आउने नेतृत्वले मधेशप्रदेशमा संगठनलाई सबल बनाउने बताउँदै आएका छन् । असोज २४ र २५ गते मधेश प्रदेशको अधिवेशन हुनेछ । २४ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । प्रदेश अधिवेशनमा ९ सयदेखि १ हजारको हाराहारीमा प्रतिनिधि छनोट हुने एमाले प्रदेश संसदीय दलका नेता एवं पूर्व मन्त्री सरोज यादवले बताए । ‘प्रतिनिधिका लागि पुरुषको हकमा ७ वर्ष र महिला, दलित, अपांगता भएकाहरुको हकमा ५ वर्ष संगठनमा अनिवार्य रुपले काम गरेको हुनुपर्नेछ’ उनले भने, आठवटै जिल्लाबाट प्रतिनिधि छनोटको काम सम्पन्न भएपछि संख्या यकिन हुनेछ ।

*बाँकी पृष्ठ २ मा*

# पानी आएपछि स्थानीय हर्षित

■ टक नेपाल



सर्लाही । सर्लाहीको उत्तरी चुरे भेगस्थित ईश्वरपुर नगर पालिका-१२, घारिबथान दोङखोरियामा पहिलो पटक डिप बोरिङबाट पानी आएपछि स्थानीय बासिन्दा खुसी भएका छन् । जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गतको समृद्ध तराई-मधेश सिँचाइ विशेष कार्यक्रम अन्तर्गत १७८ मिटरको डिप बोरिङ गाडेर डेढ इन्चको पाइपमा पानी निकालिएको हो । घारिबथानमा यसअघि पटक पटक डिप बोरिङ गाडेर भूमिगत पानी निकाल्ने प्रयास गरिए पनि सफल हुन सकेको थिएन । ईश्वरपुर-१२ का वडाध्यक्ष देवीबहादुर खत्रीले डिप बोरिङबाट पानी आएपछि गाउँले खुसी भएका जानकारी दिनुभयो । “यसअघि वडाका विभिन्न स्थानमा डिप बोरिङ धसाएर पानी निकाल्ने प्रयास गरियो तर सफल हुन सकेनौँ, यो पटक भने पानी निस्किएको छ,” उहाँले भन्नुभयो, “खाने पानीको सधैँ अभाव हुने यहाँका बासिन्दा डिप बोरिङबाट पानी आउँदा दङ्ग छन् ।” शुक्रबार बिहान डिप बोरिङबाट पानी आएपछि गाउँलेको भिड लागेको स्थानीय दिलीपकुमार बुढाथोकीले बताउनुभयो । सुक्खा क्षेत्रमा पर्ने घारिबथानमा वर्षौंदेखि खानेपानीको दुःख छ ।

*बाँकी पृष्ठ ३ मा*

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता, पुरानै मूल्य कायम गर्ने सरकारको निर्णय

■ टक नेपाल




काठमाडौं । पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता हुने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मूल्य वृद्धि तत्काल रोक्न र साबिककै मूल्य कायम गर्न निर्देशन दिएका हुन् । आइतबार(आज) बसेको मन्त्रिपरिषद् बैठकपछि सञ्चार कमीहरूसँग कुरा गर्दै सञ्चार मन्त्री रेखा शर्माले भनिन्, ‘चाडपर्वको मुखमा जनताले चर्को मूल्य वृद्धि खेप्नुपर्ने मध्यनजर गरेर प्रधानमन्त्रीज्यूले मुल्य वृद्धि तत्काल रोक्ने र साबिककै मूल्य कायम गर्ने निर्देशन गर्नु भएको छ । सम्भवत आयल निगमले केही बेरमा सूचना निकाल्छ होला ।’ आयल निगमले शनिबार रातिदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य बढाएको भएपनि आइतबार बसेको मन्त्रिपरिषद् बैठकले हाललाई पेट्रोलियम पदार्थको पुरानै मूल्य कायम गर्ने निर्णय गरेको हो । सरकारको निर्देशनपछि निगमले विज्ञप्ति निकालेर पुरानै मूल्य निर्धारण गर्नेछ । पुरानो मुल्यसुची कायम गर्दा स्वचालित मूल्य प्रणालीमा पर्ने प्रभावलाई अनुदानको रूपमा व्यवस्थापन गरिने एकमन्त्रीले जानकारी दिए । शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २, डिजेल र मट्टितेलमा प्रतिलिटर ६ र खाना पकाउने ग्याँसमा प्रतिसिलिण्डर २१५ रुपैयाँ बढाउने निर्णय गरेको थियो । त्यस्तै हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर ८ रुपैयाँ बढाएको थियो । पुरानै मूल्य कायम हुँदा ग्याँसको मूल्य प्रतिसिलिण्डर १९९५ रुपैयाँ हुनेछ । यस्तै, पेट्रोलको मूल्य पहिलो वगमा प्रतिलिटर १८०.५ रुपैयाँ, दोस्रो वर्गमा १८२ रुपैयाँ र काठमाडौं, पोखरा र दिपायलमा १८३ रुपैयाँ पुगेको छ । त्यस्तै डिजेलको मूल्य पहिलो वर्गमा १७०.५, दोस्रो वर्गमा १७२ र तेस्रो वर्गमा १७३ रुपैयाँ प्रतिलिटर कायम भएको छ । आन्तरिकतर्फको हवाइ इन्धनको मूल्य प्रतिलिटर १३६ रुपैयाँ नै कायम हुने भएको छ ।






## ....सम्पादकीय

# प्रमको 'असफल' चीन भ्रमण !

प्रधानमन्त्री पुष्पमकल दाहाल (प्रचण्ड) चीनको साताव्यापी भ्रमण पूरा गरी स्वदेश फर्कनुभएको छ । प्रचण्डको चीन भ्रमणलाई लिएर अहिले राजनीतिक वृत्तमा विभिन्न खाले टिप्पणी शुरु भएको छ। कतिपय राजनीतिज्ञले त प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणलाई 'भ्याकेसन' भ्रमणको संज्ञा दिएका छन् । कतिपयले उहाँको भ्रमणलाई धार्मिक भ्रमणको समेत संज्ञा दिएका छन्। एक साता लामो भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डको तीन दिनबाहेक अन्य दिनको चीन बसाइलाई निरर्थक बसाइको संज्ञा दिएका छन् । कैलास मानसरोवरदेखि छेन्दुको रेडपाण्डा प्रजनन केन्द्रको भ्रमणमा प्रधानमन्त्री सामेल भएपछि उहाँको भ्रमण जुन उद्देश्यका लागि हुनुपर्ने थियो त्यो नभएको भन्दै टिप्पणी हुनुलाई अस्वाभाविक मान्न सकिँदैन । दुई छिमेकी मुलुक भारत र चीनसँगको नेपालको सम्बन्ध समान र ऐतिहासिक हुनुपर्ने थियो तर यसपटकको प्रधानमन्त्रीको चीन भ्रमणलाई लिएर चौतर्फीरुपमा आलोचना हुनुले प्रधानमन्त्री प्रचण्डको लोकप्रियतामा ह्रास आएको देखिन्छ । मुलुकको कार्यकारी प्रमुखले छिमेकी मुलुकबाट मनग्य फाइदा लिनुपर्नेमा त्यसो हुन सकेको देखिँदैन । भ्रमणका क्रममा चीनसँग भएका समझदारीबाट नेपालले के-के कुरामा फाइदा लिन सक्यो भन्ने विषयमा सरकारका मन्त्री तथा सरकारी कर्मचारीले बताउन सकेको देखिँदैन । आफैं आत्मनिर्भर हुन नसकेको नेपालले चीनतर्फ भैंसीको मासु निर्यात गर्ने समझदारी गर्नुले भ्रमणका क्रममा तय भएका विषयवस्तु कस्ता थिए भन्ने प्रस्ट हुन्छ । नेपाल अहिले पनि भैंसीको मासुमा आत्मनिर्भर हुन नसकेर भारतका विभिन्न शहरबाट राँगा तथा भैंसी नेपाल ल्याउने गरेको प्रसंगलाई समेत ध्यान दिन नसकेका प्रधानमन्त्रीले चीन भ्रमणका क्रममा नेपालबाट चीनमा भैंसीको मासु निर्यात गर्ने समझदारी गर्नुले नेपालको तयारी कस्तो रहेछ भन्ने पनि प्रस्ट हुन्छ । साताव्यापी भ्रमण सकेर स्वदेश फर्कनुभएका प्रधानमन्त्री प्रचण्डले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तामझामका साथ आफ्नो चीन भ्रमण सफलमात्र होइन ऐतिहासिक भएको दाबी गर्नु आफैंमा हास्यास्पद देखिन्छ । मुलुकलाई फाइदा हुने यो-यो विषयमा चीनसँग समझदारी भयो भनेर प्रस्ट भन्न नसक्नुभएका प्रधानमन्त्रीले भ्रमण ऐतिहासिक र सफलमात्रै भन्नुले उहाँको चीन भ्रमणलाई लिएर सन्तोष गर्ने ठाउँ भेटिँदैन। भ्रमणका क्रममा नेपालले जुन-जुन विषयमा अडान लिनुपर्ने थियो त्यो कसरत नै भएको देखिँदैन । नेपाली कूटनीतिको असफलताको उदाहरण हो प्रचण्डको चीन भ्रमण । अहिले यी र यस्तै विषयमा बजारभर चर्चा भइरहेको छ । नेपालले चीनबाट लिनुपर्ने फाइदा लिन नसकेको भन्दै प्रधानमन्त्रीको आलोचना हुनुलाई अस्वाभाविक मान्न सकिँदैन । त्यसैले नेपालले चीनबाट जति फाइदा लिनुपर्ने हो त्यो लिन नसक्नुमा प्रधानमन्त्रीको मुख्य भूमिका रहेको भन्दा फरक नपर्ला ।

# जानकी मन्दिर पछाडिको सडक......

यो सडक निर्माणका लागि स्थानीयले झन्डै पाँच वर्षदेखि लागातार जनकपुरधाम उपमहानगरपालिकालाई ध्यानाकर्षण गराउँदै आएका छन्। अघिल्लो मेयर लाल किशोर साह र अहिलेका मेयर मनोज साहलाई ज्ञापनपत्र बुझाएर सडक निर्माण गर्न माग गर्दा पनि चासो नदेखाएको स्थानीय नसरूल कवारीले बताए । 'यहाँ पछाडि पारिएका वर्गहरूको बस्ती छ। यो बस्तीमा पावर र पहुँच पुग्ने ठूला मान्छे छैनन्। त्यसैले यो सडक बनेको छैन्,' उनले भने । जानकी मन्दिरकै पछाडि पर्ने मस्दिजको दक्षिणर्फ निर्माण सुरू भएको ३ सय मिटर काले पत्रे सडक पनि अलपत्र छ । यी सडकहरू नबन्नुका पछि स्थानीयले आरोप लगाएजस्तो केही कुरा नरहेको संघीय आयो जना कार्यान्वयन एकाइ धनुषाका प्रमुख प्रदीप खनालले बताए। पहिलो चरणमा एडिबीको ऋण सहयोगमा पाँच वर्षअघि जनकपुरको झन्डै १० किलो मिटर सडक र ३२ किलोमिटर ढल निकासका लागि ह्युम पाइप बिछाउने काम सम्पन्न भएको थियो। त्यस लगतै दोस्रो चरणको काम पनि सुरू हुने भनिए पनि अहिलेसम्म सुरू भएको छैन। 'मन्दिरपछाडिको ठाउँ पनि ऐतिहासिक क्षेत्र भएकाले चौडा गर्न मिलेन, मन्दिरको संचरना पनि भत्काउन मिलेन। यो सडक ढलान/ पिच नगरी इन्टरलकिंग टाइल बिछ्याएर गर्नुपर्ने प्रस्ताव छ,' खनालले भने, 'वातावरणीय, समाजिक प्रभाव मूल्यांकन भइसकेको छ। छिटै यो सडक बनाउन एडिबी, संघीय आयोजना कार्यान्वयन एकाइ र उपमानगर बीच त्रिपक्षीय सम्झौता गरिनेछ।' यो सडक बनाउन डिपिआर रिभिजनको काम अहिले भइरहेको उनले जानकारी दिए। निर्माणमा ढिलाइ भएको तीन सय मिटर कालोपत्रे सडक दसैं अगावै निर्माण सम्पन्न गर्ने तयारी भइरहेको प्रमुख खनालले बताए। यो सडक जनकपुरमा सहरीकरण सुरूभएसँगै निर्माण भएको थियो। जानकी मन्दिरसँगै जोडिएर रहेकाले २०२१ सालमा यो सडकमा पहिलो पटक इट्टा ओछ्याएर ढलान गरिएको थियो। जानकी मन्दिरको ठीक पछाडी रहेको यो बस्तीको इतिहास झन्डै तीन सय वर्ष पुरानो छ, जतिबेला जनकपुर सहरसमेत बनिसकेको थिएन । महन्त ऋषिहरू चतुर्भुज गिरी र सुरकिशोर दासले सीताको जन्मस्थलका रूपमा जनकपुर धाम पत्ता लगाएपछि जनकपुर एउटा धार्मिक ठाउँ मानिएको हो। अहिले निर्माण भएका जानकी मन्दिर र राम मन्दिर त्यति बेला सानातिना मठ थिए । मठमा पुजा पाठ तथा ठूला भण्डारा हुन्थे। ठूलो संख्यामा टाढा-टाढाबाट सन्त महन्त भण्डारामा सहभागी हुन आउँथे। उनीहरूका लागि अन्नपात र सागसब्जी जरूरी भयो। त्यसबेला सुरकिशोर दासका पाँचौ पुस्ताले तरकारी उब्जाउने पेसा गर्ने मुस्लिमहरूलाई (कवारी समुदाय) जनकपुर बोलाए । उनीहरूलाई मठको जग्गा दिएर यहाँ बसाए । पूर्व वडाध्यक्ष समेत रहिसकेका असगर अलिका अनुसार राम पट्टी र जानकी पट्टी गरी दुबै मठले जग्गा दिएर मुस्लिम समुदायलाई बसाएका थिए । उनी आफैं कवारी समुदायका सोह्रौं पुस्ता रहेको बताए ।







# एमाले मधेश प्रदेश......

सोमबारसम्म सबै जिल्लाको नतिजा आउने बताइएको छ । धनुषाको निर्वाचन क्षेत्र नम्बर १ को ४ वटै पालिकामा सर्वसम्मतिबाट प्रतिनिधि चयन भएको जनाइएको छ । मधेश प्रदेशमा सतहमा प्रमुख रुपमा दुई गुट देखिएको छ । रघुबीर महासेठ गुटको नेतृत्व सांसद समेत रहेकी जुली महासेठले गरिरहेकी छन् । अर्को पक्षको नेतृत्व सुमन प्याकुरेलले गरिरहेका छन् । प्रदेशमा प्याकुरेल समूहको स्थिति बलियो रहेको बताइन्छ । नेता महासेठ निकट मानिने पुरषोत्तम पौडेल पनि अध्यक्षका आकांक्षी रहेका छन् । हाल उनी प्रदेशको उपाध्यक्ष रहेका छन् । एमालेको बागमती, कर्णाली, लुम्बिनी प्रदेशमा चुनावी प्रकृयाबाट नै अध्यक्ष चयन भएका छन् । पार्टी अध्यक्ष ओलीले चुनावी प्रक्रिया रोकेर सर्वसम्मतबाट नेतृत्व चयनका लागि प्रयास गरे पनि लुम्बिनीमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलबीचको गुटबन्दीले चुनाव भएपछि अन्य प्रदेशमा पनि नेतृत्व चयनका लागि चुनाव नै हुन थालेको छ। कोशी प्रदेशमा पनि अध्यक्षका लागि चुनाव नै हुने भएको छ। मधेश प्रदेशमा प्रतिनिधि छनोटको प्रक्रिया जारी रहेकाले अध्यक्षका उम्मेदवारहरु सार्वजनिक रुपमा घोषणा गरेका छैनन् । उच्च स्रोतहरुका अनुसार शनिबार राति अथवा आइतवार बिहान केन्द्रीय नेतृत्वबाट लाइन आएपछि उम्मेदवारहरुको घोषणा हुनेछ ।

**अध्यक्षका आकांक्षीहरु**

एमाले मधेश प्रदेशमा सर्वसम्मति हुने दाबी नेताहरुले गरिरहे पनि अध्यक्षमा आधा दर्जनको हाराहारीमा आकांक्षी रहेका छन् । स्रोतहरुका अनुसार सुमन प्याकुरेल अध्यक्ष पदका लागि प्रबल दाबेदार मानिएका छन् । उनको नाममा सर्वसम्मती नभए प्रदेशमा चुनाव निश्चित रहेको बताइन्छ । उनलाई चुनौती दिनेमा पुरषोत्तम पौडेल प्रमुख छन् । पौडेलले प्याकुरेललाई नछाड्ने बताइन्छ । रेवती पन्त पनि अध्यक्ष पदका आकांक्षी रहेका छन् । उनी पनि 'केन्द्रीय लाइन' कुरिरहेका छन् । अहिले कुनै नेतालाई लाइन नआएको बताइन्छ । मधेश प्रदेशमा मधेशी नेतृत्वलाई अगाडि बढाउनु पर्ने दवाव नेतृत्वमाथि बढेको छ । मधेशीलाई जिम्मेवारी नदिए विपक्षी दलहरुले त्यसलाई मुद्दा बनाउन सक्ने बताउँदै नेताहरुले केन्द्रीय नेतामाथि मधेशको भावनालाई सम्मान गर्न दवाव बढाइएको छ । पूर्व संघीय राज्यमन्त्री एवं कानुन व्यवसायी रामसिंह यादव प्रदेश अध्यक्षका बलियो दाबेदार मानिन्छन् । एमाले मधेश विरोधी रहेको आरोप लाग्दै गरेको बेला केन्द्रीय नेतृत्वले यादवलाई अगाडि सार्ने बताइन्छ । धनुषा जिल्लाका एमाले अध्यक्ष रहेका राजकिसोर यादव पनि अध्यक्षको आकांक्षी रहेका छन् । उनी लामो समयदेखि धनुषा जिल्ला अध्यक्षको रुपमा पार्टीलाई सञ्चालन गर्दै आएका छन् ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

सम्पर्क नम्बरहरु

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

**टक नेपाल राष्ट्रिय दैनिक पत्रिका**

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ। | तुला | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। |
| बृष | अवसर आए पनि काममा हात हाल्नुअघि विचार पुर्याउनुहोला। | वृश्चिक | बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। |
| मिथुन | आम्दानी बढ्नाले उत्साह जाग्नेछ। | धनु | सुखद समाचारले उत्साह जगाउनेछ। |
| कर्कट | चिताएको काम छिटै सम्पादन हुनेछ। | मकर | आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने परिस्थितिले पनि अप्ठ्यारो मोडमा पुर्याउन सक्छ। |
| सिंह | काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। | कुम्भ | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। |
| कन्या | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। | मीन | मनग्य धन लाभ हुनुका साथै मानसम्मान पनि प्राप्त हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# जितिया संस्कृति झल्काउँदै उत्सव

■ टक नेपाल



जनकपुरधाम । लोकपर्व जितियालाई धार्मिक अनुष्ठान र सांस्कृतिक पर्वका रुपमा सीमित नराखी विशिष्ट उत्सवका रुपमा मनाउने सन्दर्भमा सखी बहिनपा मैथिलानी समूह जनकपुरधामले गंगासागर गंगा आरती स्थलमा जितियाको संस्कृति झल्काउँदै उत्सव मनाएको छ । सो समूहले गत वर्ष जनकपुरधामको नोचापोखरीमा गरेको जितिया उत्सवको मौलिकपनले निकै चर्चा पाएको थियो । मातृत्वप्रतिको सम्मानको प्रतीक मानिएको जितिया पर्वमा आमाको सन्तानप्रतिको ममत्वको प्रदर्शनले सांस्कृतिक भूमिका र महत्वलाई उजागर गर्न सफलीभूत भएको थियो । महिलावर्गद्वारा गरिने जितिया पर्वमा कुनै शास्त्रीय देवता नभइ लोकदेवता जीमूतवाहनको पूजा गरिन्छ । जितिया व्रत गर्नाले सन्तानको दीर्घायु, आरोग्य रहनुका साथै खासगरी कुनै आकस्मिक खतराबाट रक्षा हुने विश्वास रहेको पाइन्छ । जितियालाई जीवितपुत्रिका व्रत वा जीमूतवाहन व्रत पनि भनिन्छ । अत्यन्त नियम निष्ठापूर्वक कठोर उपवासका साथ आमाहरुले जितिया पर्व मनाउने परम्परा रहेको छ । भगवान जीमूतवाहनले सन्तानको रक्षा एवं कल्याण गर्छन भन्ने मान्यताका साथ यो पर्व मनाइन्छ । पर्वले रत्नगर्भी धर्तीमा कर्मका महादेवहरुले श्रम सिंचन गरी फलाएका सबै कुरा प्रसादमय हुन्छन् भन्ने सन्देश र पूजा गरिने वस्तुहरुमा सर्वथा फरक किसिमका सामग्री घिरौंलाको पात, फूल, तोरीको तेल, खरी आदि प्रयोग गरिन्छ। प्रकृति र पर्यावरणका विविध पक्षसंग गहिरो साइनोको निरन्तरताको प्रतीक रहेको जितिया पर्वले वनस्पतिक सम्पदाको संरक्षण तथा टेवालाई बल पुर्‍याइ रहेको छ । नरिवल, कांक्रा , केराउ, केरा, केराको पात, बांसको पात र पान पूजा सामग्रकि रुपमा प्रयोगले यसको पुष्टि गर्दछ । माटाका स्याल चिल बनाइ पूजाले पनि यसको विशिष्टतालाई उजागर गर्दछ । यी वस्तु, सामग्री बारे शास्त्रीय पक्ष उल्लेख नभए पनि स्थान, क्षेत्र, परिवेशका उत्पादन तथा साधनहरुलाई उपयोग गरी समुचित स्थान र सम्मान दिएको पाइन्छ । जितियाको पूजामा आउने यी विविध वनस्पति, जीवजन्तु तथा पोखरी आदिको प्रसंगले इको सिस्टमप्रतिको सचेतना सदियौदेखि कायम रहेको बोध गराउँछ । लोककल्याणका यावत पक्षहरुलाई सांस्कृतिक आवरणमा संरक्षण दिँदै समाजका हरेक जातिले यो पर्व मनाउने गर्दछन् । जितिया पर्व मातृत्व पक्ष प्रति सम्मान गर्ने सांस्कृतिक परिपाटी हो । आफ्ना दिवंगत सासुका साथै दिवंगत आमा तथा अन्य पूज्य महिलाप्रति श्रद्धास्वरुप पितराइन खुवाउने गरिन्छ । पर्वले मानवीयता, समानता, प्रकृति, पर्यावरण आदिलाई संरक्षण एवं प्रवर्द्धन गर्न गतिलो स्थान प्रदान गरेको छ । जितिया पितृ पक्ष अन्तर्गत पर्दछ । पितृ पक्षमा पुरुषवर्गले आफ्ना दिवंगत पितृहरुलाई पक्षभरि नै तर्पण दिने गर्दछन् । महिलावर्गले भने जितिया व्रतमा दिवंगता महिलालाई नै वेद्य अर्पण गर्ने गर्दछन् । सखी बहिनपा समूहद्वारा यही भावभूमिमा गंगासागरको गंगाआरती स्थलमा पर्वका अनुष्ठानका पक्षहरु कलश स्थापना, विधि व्यवहार, कथा वाचन, पारम्परिक गीत, संगीतका नाचगान सहित पर्वको सस्कृति झल्काउँदै गत वर्षझैं यस वर्ष पनि मौलिकता , विशिष्टता र लोकमान्यतालाई जीवन्तता प्रदान गरेको छ । उत्सवमा किड्डी बोर्डिंग स्कुल, साउथ प्वाइन्ट बोर्डिंग स्कुल, मिथिला माउन्टेश्वरी स्कुल र नर्वदा बोर्डिंग स्कुलका शिक्षार्थीहरुले मिथिला, सभ्यता, सस्कृतिमूलक नृत्य प्रस्तुत गरी उत्सवमा उत्साह थपेका थिए । नृत्य प्रस्तुत गर्नेहरुलाई उषा चौधरी निर्मला झा, शशिकला, रिता मल्लिक, डा. गायत्री, रुना झा ,प्रेम विनिता, अल्पना मिश्र, बिन्दु ठाकुर, सुनिता मिश्र लगायतले सम्मान गरेकी थिइन । ज्येष्ठ सखी सुंनिता मिश्रको अध्यक्षतामा सम्पन्न उत्सवमा पुनम झा मैथिल, बिन्दु ठाकुर, भारती चौधरी, आरती चोधरी, पुनम मिश्रले उत्सवको व्यवस्थापनदेखि सांस्कृतिक विशिष्टतालाई उजागर गर्नेमा उल्लेख्य दायित्व निर्वाह गरेकी थिइन भने कलाकार रुवी पाठकले माटाका चिल र स्याल बनाएकी थिइन । उत्सवमा सोना देवीले जितिया महत्व सम्बन्धी कथा वाचन गरेकी थिइन भने गोसाउनी गीत , वटगबनी र सखी बहिना गीत सामूहिक रुपमा प्रस्तुत गरिएको थियो । यस अधि गंगासागर घाटमा विधि विधानपूर्वक जितियाको पूजनका सामग्रीसहित सांस्कृतिक पक्षलाई भल्काइएको थियो ।

# पानी आएपछि........................................

दोङखोरियामा सुरुमा सिँचाइका लागि भनी डिप बोरिङ गाडिएको थियो। खन्दै जाँदा सिँचाइका लागि आवश्यक पर्ने पर्याप्त पानी नरहेको भन्दै बिचमै डिप बोरिङ खन्ने काम रोक्न थालिएको थियो। डिप बोरिङ निर्माणको ठेक्का पाएको रेश्मा डिप बोरिङ ट्युबेल उद्योग विराटनगरका प्रतिनिधि सुनिल कार्कीले स्थानीयवासीले जत्रै पानी आए पनि बोरिङ खनिदिन आग्रह गरेपछि तत्कालका लागि डेढ इन्चको पाइपमा पानी निकालिएको जानकारी दिनुभयो। "स्थानीयको आग्रह अनुसार हामीले पानी निकालिदिएका छौं। कुन प्रयोजनमा प्रयोग गर्ने भन्ने गाउँलेको जिम्मा हो," उहाँले भन्नुभयो। समृद्ध तराई-मधेश सिँचाइ विशेष कार्यक्रम जावलाखेल, ललितपुरका हाइड्रोजियोलोजिस्ट अर्पणपराजुलीले पानी निकाल्ने काम सफल भएको र अब कार्यालयका तर्फबाट पम्प, प्यानल बोर्डलगायत राख्ने घर निर्माण गरेर स्थानीयलाई हस्तान्तरण गरिने बताउनुभयो। "हामीले सिँचाइको क्षेत्रमा काम गर्ने हो, यहाँ सिँचाइकै लागि भनेर बोरिङ गाड्दा पर्याप्त पानी भेटिएन," उहाँले भन्नुभयो, "गाउँलेले अहिले निस्किएको पानी खानेपानीका लागि प्रयोग गर्छौं भन्नुभएको छ। व्यावहारिक हिसाबले पनि पहिलो प्राथमिकता खानेपानीले नै पाउँछ।" अहिले निस्किएको पानी सिँचाइका लागि पर्याप्त नहुने भएकाले पिउने पानीकै लागि उपयुक्त हुने पराजुलीले बताउनुभयो। उहाँका अनुसार जिल्लाको ईश्वरपुर, लालबन्दी, हरिवन र बलरा नगरपालिकामा तीन करोड रुपियाँ बजेटबाट १६ वटा डिप बोरिङ गाडिँदै छ।

# मलंगवाको कर्फ्यू पूर्ण रुपमा हट्यो

■ टक नेपाल



जनकपुरधाम । सर्लाहीको सदरमुकाम मलंगवामा लगाइएको कर्फ्यू आइतबारदेखि पूर्णरुपमा हटेको छ । दुई समुदायबीचको दूरी घटाउन उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको अगुवाइमा मलंगवामा बिहीबार सद्भाव र्‍याली समेत निकालिने भएको छ । दुई समुदायबीच गणेशको मूर्ति सेलाउने क्रममा असोज ४ गतेदेखि सुरु भएको तनावको स्थिति साम्य भएको भन्दै जिल्ला सुरक्षा समितिले कर्फ्यू पूरै खुला गर्ने निर्णय गरेको हो । तनावको स्थिति बनेपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यू लागू गरेको थियो। उक्त कर्फ्यू आइतबारदेखि पूर्ण रुपमा खुला गरिएको प्रजिअ इन्द्रदेव यादवले जानकारी दिए । बिहीबार उपप्रधान तथा गृहमन्त्री नरायणकाजी श्रेष्ठको अगुवाइमा मलंगवामा सद्भाव र्‍याली समेत निकालिने सर्वपक्षीय निर्णय भएको पनि प्रजिअ यादवले बताए ।

# बस दुर्घटना हुँदा दुई जनाको मृत्यु, २५ घाइते



■ टक नेपाल

जनकपुरधाम । सिरहामा यात्रुबाहक बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । आइतबार दिउँसो सप्तरी राजविराजबाट जनकपुरतर्फ आउँदै गरेको ना ४ ख ७१८७ नम्बरको यात्रुबाहक बस स्प्रिङ पट्टा भाँचिएर मिर्चैयाको मारुती सिमेन्ट फैक्ट्री नजिक अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको हो । दुर्घटना अन्य २५ यात्रु घाइते भएको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले जानकारी दिए । उनका अनुसार दुईजना पुरुषको घटनास्थलमै मृत्यु भएको हो । मृतकको हालसम्म सनाखत हुन सकेको छैन । घाइतेहरूको गोलबजार स्थित हस्पिटलहरुमा उपचार भइरहेको डिएसपी बस्नेतले बताए । घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अब बर्दिवासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोतरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स–रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

दाँत तथा मुख, कपाल र अनुहार सम्बन्धि
सम्पूर्ण उपचार हाम्रै सहर बर्दिवासमा
कस्मेटिक फेस उपचार :
१.हाईड्राफेसियल उपचार(Hydrafacial)
२.अनुहारको चायाँ,पोतो,डण्डिफोर र रिंकल्स आदिको उपचार
३.कपाल वृद्धि उपचार(PRP$GFC)
४.स्कयाल्प माईक्रोपिगमेन्टशन
५.भौं माईक्रोब्लेडिङ(Permanent eye Brow )
६.झुरियाँ उपचार
७.चिल्लो मुस्कानको उपचार (Botox,filler&Thread)
८.ओंठ पिग्मेन्टेशन
९.केमिकल पिलिङ्ग
१०.लेजर(HIFU,Tatoo&Hair Removal)
११.बिबि ग्लो
१२.ब्युटि स्पट
१३.कानको लोप ममर्त
१४.माईक्रोनिडलिंग उपचार
१५.स्कीन(Tags,Mole Removal)
हाम्रो सेवाहरु :
20% छुट सबै सेवामा
दाँतको उपचार:
१.दाँतको उपचार (X-ray (RVG)
२.जराको उपचार (3D RCT)
३.गिजाको शल्यक्रि
४.जराको सर्जरी
५.चिरफार गरी दाँत निकाल्ने
६.तलमाथि सम्पूर्ण दाँत निकाल्ने
७.बाङगो टिङगो र छिछरा दाँत मिलाउने (Fixed Ortho)
८.स्थायी दाँत लगाउने
९.बन्द मुख खोल्ने उपचार
१०.हड्डी सम्बन्धी (Fracture of Jaw Bone)
११.दाँत टल्काउने(Bleaching)
१२.दाँत प्रत्यारोपन(Dental implants)
नोट: आधुनिक मेशिनद्धारा दाँत तथा मुख, कपाल र अनुहारको उपचार
निशुल्क परामर्श सेवा
कस्मेटिक तथा दन्त उपचार १५ छुट
अपाङ्ग तथा जेष्ठ नागरिकलाई ५० छुट दन्त उपचार लागि मात्र
SHARMA ORAL DENTAL CARE & FACE CLINIC
DR.SHAMBHU KUMAR SHARMA
BDS,PGDCC
शर्मा ओरल डेन्टल केयर एण्ड फेस क्लिनिक प्रा.लि.
मेन रोड, बर्दिबास
मो. ९८००८७९८५८, ९७४६६७०३९२



## डाकनेश्वरी ४ का वडाध्यक्षको मृत्यु, पालिकामा शोक बिदा

सप्तरी जिल्लाको डाकनेश्वरी नगरपालिका वडा नं. ४ का वडाध्यक्ष हरिप्रसाद राय अमातको निधन भएको छ । लामो समयदेखि पक्षघातबाट पीडित वडाध्यक्ष रायको शनिबार राति मृत्यु भएको हो । वडाध्यक्षको निधनपछि शोकमा पालिकाले आइतवार बिदा दिएको छ ।

# मोटरसाईकलको ठक्करबाट एक बालिका घाईते

■ बिबेक कुमार महतो

गौशाला। महोत्तरीको गौशालामा मेटरसाईकलको ठक्कर बाट एक जना बालिका घाइते भएका छन् । गौशला-सम्सी सडक खण्ड आन्तार्गत गौशाला नगरपालिका वडा नम्वर २ निगौल चोक नजिक बिहान १०:३० बजे सम्सी बाट गौशाला तर्फ आउदै गरेको ज.२ प. ४०२४ नम्बरको मटरसाईकलले ठक्क दिदा पैदल यात्री सोहि वडा बस्ने उदय सिंह को छोरी वर्ष ४ की निधि कुमारी सिंह घाइते भएका हो । घाइते भएकी सिंहको टाँउको




र शरीरको बिभिन्न भागमा चोट लागेको छ तत्काले उपचारका लागि प्राथिमिक स्वास्थ्य केन्द्र गौशाला भर्ना गरिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि जनकपुर स्थित ओम दिर्घायू अस्पताल पठाइएको छ । ठक्कर दिने मोटरसाईकल चालक गौशाला नगरपालिका वडा नं. ५ बस्ने लालबाबु राउत प्रहरी नियन्त्रणमा रहेको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज कुमार यादवले बताए ।

We Are Hiring

**CRO- Field Cum Bike Rider**

**Loacation - Bardibas Vianet Communication Limited. (Near Save The Children)**

**Vacancy-1**

**Salary- 23500/ Above**

**Skills,**

1. Strong Customer Focus
2.Ability To Think Logically
3.Problem Solving Skills
4.The Ability To Work well in a Team

**Facility**

1.Social Security Fund,

**Duties And Responsibilities,**

1.To Keep Operating System Running Smoothly And Ensure Users Get The Maximum Benefit,
2.Troubleshoot System And Networks Problems,
3.Support The Roll-out Of New Applicant,
4.Install And Configure Operating System,
5.Responding In A Timely Manner To Service Issues & Request,

For More Contacts,

**Vianet Communication Limited**
**Bardibas Branch**
**+977 9801131433**

# जानकी मन्दिर पछाडिको सडक किन छ अलपत्र ?



■ रेहित महतो

जनकपुरधाम । चिल्ला सडक र व्यवस्थित ढल निकासले पछिल्लो समय जनकपुरको वरूप फेरिएको छ। बजार क्षेत्रका सडक फराकिलो र चिल्ला भएपछि स्थानीयले धुलो र दुर्गन्धबाट राहत महसुस गरेका छन् । देश विदेशबाट बर्सैनि लाखौं पर्यटक घुम्न आउने जानकी मन्दिर बजारको बीचैमा छ । त्यसको तीनतिर चिटिक्क बनाइएको छ । तर मन्दिरको ठिक्क पछाडिपट्टिको सडक भने अहिले पनि जीर्ण छ । यहाँ वर्षौंदेखि हिँउदमा धुलो र वर्षामा हिलो हुन्छ । त्यहाँका बस्ती घरभित्रैसम्म धुलो पस्छ । जनकपुरको कोर एरियामा पर्ने यो ठाउँमा सडक निर्माणका लागि समबन्धित निकायहरू उदासीन बनेको स्थानीयको गुनासो छ । किराना पसल गरिरहेका बलिराम ठाकुर दिनमा तीन पटक समानमा जमेको धुलो सफा गर्दै हैरान हुन्छन् । 'सफा गरे लगत्तै गाडी चलेपछि फेरि धुलो उड्छ अनि कपडाले सफा गर्नुपर्छ । वर्षामा पानी जमेर यो एरियामा बिजोगै हुन्छ । रोड नबन्दा हामी हैरान भइसकेका छौं । यो एरियालाई जनकपुरको मुटु भन्छन् । चारैतिर सडक बनिसक्यो हाम्रोतिर बनाउन कसैले चासो नै देखाएको छैन,' उनले भने, 'हामीले वडाध्यक्ष, नेताहरूलाई भनेर थाकिसक्यौं तर कसैले सुनिदिएनन् ।' जानकी मन्दिरको ठीकपछाडिको यो जीर्ण सडकलाई स्थानीयले रहिमान पथ भन्छन् । २०४९ सालमा तत्कालीन जनकपुर नगरपालिकाले यो सडक कालेपत्रे गरेको थियो। २०७४ सालमा ढल निकासका लागि ह्युम पाइप ओच्छ्याउन उक्त कालोपत्रे उक्काइयो । एकीकृत सहरी विकास परियोजनाअन्तर्गत् एडिबीको ऋण सहयोगमा ह्युम पाइप राखिएको थियो । त्यसक्रममा यो सडक भताभुंग पारेको यो सडक ६ वर्ष वित्दा पनि बनाउने सुरसार देखिएको छैन । सडक जीर्ण, फोहोर र अव्यवस्थित बनेपछि यहाँका स्थानीय मात्रै होइन पर्यटकहरू समेत दिक्कदार छन्। 'जानकी मन्दिर आउने पर्यटक यसका वरिपरि पनि घुम्छन्। मन्दिरपछाडि मस्जिद देखेर धेरैलाई यसबारे जिज्ञासा हुन्छ उनीहरू यहाँ यसको इतिहास र अवस्था बुझ्न आउँछन्,' स्थानीय असगर अलि भन्छन्, 'जानकी माताको ठाउँमा आउने पर्यटक वरिपरि यस्तो दुरावास्था देख्दा खिन्न भएर जान्छन्। उनीहरूको मनमा जनकपुरको बारेमा नकरात्मक भावना उत्पन्न हुन्छ यस्तो दृष्य देखेर। मस्जिदमा देशविदेशबाट मुस्लिम धर्मावलम्बीहरू पनि आउँछन्। उनीहरू सबैले यो सडकको बारेमा सोध्छन्, नराम्रो भन्छन् ।' जानकी मन्दिर निर्माणकै समयमा यहाँ जामे मस्जिद हनफिया मस्जिद निर्माण भएको थियो।

*बाँकी पृष्ठ २ मा*

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com